# Superintendent's Message to Families & Staff: 8/19/2022

आदरणीय सि सि एस समुदाय,

२०२२-२०२३ स्कूल वर्ष सुरु हुन केही दिन मात्र बाँकी छ र मलाई थाहा छ कि कलम्बस शिक्षा संघ (सि इ ए) सँग चलिरहेको वार्ताका कारण विद्यालयको निर्धारित सुरुवातको वरिपरि अझै पनि केहि स्तरको अनिश्चितताको छ। हाम्रो प्राथमिकता भनेको विद्यार्थी, परिवार र हाम्रो सम्पूर्ण सि सि एस समुदायको सेवा गर्नु रहन्छ।

अगस्ट २४ मा शुरू हुने विद्यालयको पहिलो दिन चाहे कक्षाकोठामा होस् वा अन्लाइन् , अर्को स्कूल वर्षकालागि मेरो आशा र उत्साह उच्च रहन्छ।

हामीले कुनै पनि परिस्थितिकालागि तयारी गरिरहँदा तपाँईले शनिबारको (Back-to-School Family Resource Fair) (ब्याक-टू-स्कूल पारिवारिक स्रोत मेला) मा पाउनुहुने सहयोग अझ महत्त्वपूर्ण छ। वापस स्कूल आउने स्रोतहरू (ब्याक-टू-स्कूल रिसोर्सेस) वरपर साझेदारीहरूका अतिरिक्त, ग्रेटर कलम्बस समुदायले २०२२-२०२३ स्कूल वर्ष टाढैबाटको पढाइ सुरु गर्ने अवस्थामा लर्निङ एक्सटेन्सन सेन्टर्स (शिकाई बिस्तार केन्द्रहरू) र विद्यार्थीहरूको खाना पिकअप गर्ने स्थानहरूमा सहयोग प्रदान गर्न पनि अगाडि बढेका छौं।

म नयाँ स्कूल वर्षका बारेमा पछिल्ला अद्यावधिहरूकालागि हाम्रो (Back-to-School Hub) (ब्याक-टू-स्कूल हब) मा हेर्न सबैलाई प्रोत्साहन दिन्छु, जस्मा कलम्बस एडुकेशन एसोसिएसनका हडताल भएका कार्यक्रम (alternative opening plans) (वैकल्पिक स्कूलहरू शुरूवतका योजनाहरू) कालागि जानकारी र स्रोतहरू समावेश गर्दछ।

हामी हाम्रा शिक्षकहरू र विद्यार्थीहरूलाई बुधबार फेरि स्वागत गर्नेछौं भनि म आशावादी छु र हामी हाम्रा विद्यार्थीहरू र परिवारहरूको सेवा गर्ने जिम्मेवारी पनि जान्दछौं।

भवदीय,
तालिसा डिक्सन
सुपरिटेन्डेन्ट/सीईओ, कलम्बस सिटी स्कूल्स